भइरहेको प्रमुख प्रशासकीय अधिकृत छन्। कर लगाउने तयारीमा रहेका प्रशिक्षण दिएको छ।

# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**मैजुहिटी, काठमाडौं**

**३ नं प्रदेश, नेपाल**

## स्वास्थ्यकर्मी भर्ना सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७५।०२।०८)

यस नगरपालिकालाई शहरी स्वास्थ्य केन्द्र संचालन कार्यक्रम अन्तर्गत संचालन हुने शहरी स्वास्थ्य केन्द्रमा काम गर्नकालागि देहाय बमोजिमको शर्तहरुको अधिनमा रही देहाय बमोजिमका स्वास्थ्यकर्मीहरु करारमा नियुक्ति गर्नुपर्ने भएकोले इच्छुक उम्मेदवारहरुले यस नगरपालिकाको कार्यालयमा रीतपूर्वक दरखास्त आव्हान गरिएको छ।

१. आवेदन दिने अन्तिम मिति सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र।

२. आवश्यक स्वास्थ्यकर्मी संख्याः क. हेल्थ असिस्टेन्ट/अ.हे.व - १ जना
ख . स्टाफ नर्स/अनमी - १ जना

३. आवश्यक शैक्षिक योग्यताः स्टाफ नर्सः- मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तिर्ण
हेल्थ असिष्टेण्टः- मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकत्सामा प्रमाणपत्र तह उतिर्ण
अनमीः- मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स उत्तिर्ण
अहेवः- मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व वा सि.एम.ए. कोर्स उतिर्ण

४. दरखास्त फाराम साथ संलग्न गर्नुपर्ने कागजातहरुः-
शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी

५. कार्य बिवरणः- टोखा नगरपालिका भित्र संचालन हुने शहरी स्वास्थ्य केन्द्रमा सेवा समूहले गर्नुपर्ने कामहरु गर्नुपर्नेछ।

६. आवेदन शुल्कः- स्टाफ नर्स वा हेल्थ असिस्टेन्टको हकमा रु.४००।-(चार सय रुपैया मात्र),
अ.हे.व/अनमीको हकमा रु.३००।- (तीन सय रुपैया मात्र)

७. तलव स्केलः- हे.अ./स्टाफ नर्सको हकमा मासिक रु.१७५००- र अ.हे.व/अनमीको हकमा मासिक रु.१६५००।-

८. करार अवधीः- २०७५ असार मसान्त सम्म।

९. सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१०.दरखास्त फाराम यस कार्यालयको website:- www.tokhamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**